मिति : २०८१/१२/२५
समय : १५:००

# मातृभूमि लघुबित्त बित्तिय संस्था लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय
## संचालक निर्वाचन कार्यक्रमको सूचना

मातृभूमि लघुबित्त बित्तिय संस्था लिमिटेडको मिति २०८२/०१/०२ गते सम्पन्न हुने छैठौं बार्षिक साधारण सभाबाट कम्पनीको नियमाबली तथा नियमनकारी निकाय नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन समेत बमोजिम सँस्थापक शेयरधनी समूह “क” बाट प्रतिनिधित्व गर्ने ४ जना र सर्ब साधारण शेयरधनी समूह “ख” बाट प्रतिनिधित्व गर्ने २ जनामा कम्पनी ऐन २०६३ को दफा ८६(२) बमोजिम सञ्चालक समितिमा एक महिला सहित जम्मा ६ जना सञ्चालक पदको निर्बाचनको प्रयोजनको लागि देहाय बमोजिमको निर्बाचन कार्यक्रम सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | मतदाता नामावली प्रकाशन गर्ने | २०८१/१२/२६ | | १०:०० बजे | कम्पनीको कर्पोरेट कार्यालय, बुढानिलकण्ठ, ७ |
| २ | मतदाता नामाबलीमा दाबी बिरोध गर्ने | २०८१/१२/२६ | १०:०० बजे | १४:०० बजे | ऐ. ऐ. |
| ३. | मतदाता नामावलीमा छानबिन गरि अन्तिम मतदाता नामाबली प्रकाशन गर्ने | २०८१/१२/२७ | | १०:०० बजे | ऐ. ऐ. |
| ४. | उम्मेदवारहरुको मनोनयन पत्र दर्ता गर्ने | २०८१/१२/२८ | १०:०० बजे | १२:०० बजे | ऐ. ऐ. |
| ५. | मनोनयन पत्र दर्ता भएका उम्मेदबारहरुको सूचि प्रकाशित गर्ने । | २०८१/१२/२८ | | १३ बजे | ऐ. ऐ. |
| ६. | उम्मेदबारको बिरोधमा उजुरी दिन सक्ने | २०८१/१२/२९ | ११:०० बजे | १३:०० बजे | ऐ. ऐ. |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | उम्मेदवारको मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गरि उम्मेदबारको नामाबली प्रकाशित गर्ने | २०८१/१२/२९ | | १५:०० बजे | ऐ. ऐ. |
| ८. | उम्मेदवारले आफ्नो मनोनयनपत्र फिर्ता लिने | २०८१/१२/२९ | १५:०० बजे | १७:०० बजे | ऐ. ऐ. |
| ९. | उम्मेदबारको अन्तिम नामाबली प्रकाशन गर्ने | २०८१/१२/२९ | | १७:३० बजे | ऐ. ऐ. |
| १०. | मतदान गर्ने | २०८२/०१/०२ | १२:३० बजे | १४:३० बजे | अमुप्रश्थ ब्याङ्क्वेट एण्ड इभेन्ट, बुढानिलकण्ठ, ७ काठमाण्डौ |
| ११. | मतगणना गर्ने | २०८२/०१/०२ | मतदान समाप्त भएपछि | | ऐ. ऐ. |
| ११. | मतगणनाको परिणाम घोषणा गर्ने । | २०८२/०१/०२ | मतगणना समाप्त भएपछि | | ऐ. ऐ. |

**नोट :**

१. मिति २०८२।०१।०२गते संचालन हुने बार्षिक साधारण सभाको लागि तय गरिएको एजेन्डामा छलफल सकिए पश्चात जुनसुकै समयमा मतदान शुरु भए पनि शुरु भएको समयवाट २ घण्टा मतदान गर्नकालागि समय दिईने छ ।

२. निर्वाचनमा प्रयोग गरिएका सबै मत पेटिकाहरु प्राप्त भए पछि मतगणना कार्य शुरु हुनेछ र मतगणना कार्य समाप्त भए पछि परिणाम घोषणा गरिने छ ।

३. मतदाता नामाबली कम्पनीको शेयर रजिष्ट्रार श्री कुमारी क्यापिटल लिमिटेडद्धारा बिद्युतिय माध्यमबाट कम्पनी सचिवले प्राप्त गरी निर्वाचन अधिकृतलाई उपलब्ध गराए बमोजिम बिद्युतिय माध्यमवाट प्रकाशित गरिनेछ ।

४. मनोनयन पत्र निर्बाचन अधिकृतको कार्यालयबाट कार्यालय समय भित्र लिन सकिने छ ।

५. उम्मेदबारको मनोनयन पत्र दर्ता गर्न आउँदा सम्बन्धित उम्मेदबारले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शेयर धनि प्रमाणपत्र वा शेयर धनि नम्वर वा डिम्याट बिबरणको स्लिप समेत साथै पेश गर्नु पर्ने छ । कानूनी ब्यक्तिको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपी, पछिल्लो शेयर लगत बिबरण, सम्बन्धित अख्तियार प्राप्त निकायको निर्णय पुस्तिकाको प्रतिलिपी, अख्तियार प्रदान गरेको पत्र, गत आर्थिक बर्षको कर चुक्ताको प्रमाण पत्र, कालो सुचीमा समेत नभएको प्रमाण पत्र समेत साथै पेश गर्नु पर्नेछ ।

६. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनिहरुले निर्वाचन सम्बन्धि कार्यक्रममा तोकिएको ढाँचा बमोजिमको उम्मेदवारीको दरखास्तमा एक जना प्रस्तावक र एक जना समर्थक (सम्वन्धित शेयरधनि समूहको ) सहित उम्मेदवारी दर्ता गर्नु पर्ने छ । आफ्नो उम्मेदवारी फिर्ता लिन पनि सक्नेछ ।

७. शेयरधनीको नाम थर, हस्ताक्षर नभएको वा नमिलेको, शेयरधनी नं. /बिओआईडी नं. नभएको वा नमिलेको, केरमेट गरेको वा टिपेक्स लगाएको प्रोक्सी (प्रतिनिधि पत्र) बदर हुनेछ ।

८. प्रोक्सी (प्रतिनिधि पत्र) बुझाउन ल्याउदा प्रोक्सी दिनेको नाम थर, शेयरधनि नं./ डिम्याट नम्बर र शेयर कित्ता संख्या समेत उल्लेख गरी छुट्टाछुट्टै समूहको छुट्टाछुट्टै पंजिका सहित २०८१।१२।३१ गते ११:०० बजे भित्र बुझाई सक्नु पर्ने छ ।

९. प्रोक्सी (प्रतिनिधि पत्र) कम्पनीले प्रकाशित गरेको सूचना बमोजिम कम्पनीको शेयर रजिष्ट्रार श्री कुमारी क्यापिटल लि.ले प्रमाणिकरण गरी दिएको सदर प्रोक्सी (प्रतिनिधि पत्र) मात्र मतदानका लागि ग्राह्य हुनेछ ।

१०.. निर्बाचन कार्यकम तालिकामा तोकिएको दिन र समयमा सार्बजनिक बिदा परेमा पनि तोकिएको कार्य तोकिएको दिन र समयमा सम्पन्न हुनेछ ।

११. मतदाता शेयरधनीले आफ्नो शेयर भएको देखिने प्रमाणको अतिरिक्त आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र लिई आउनु पर्नेछ ।

१२ संस्थापक समूह र सर्वसाधारण शेयरधनि समूहको अलग अलग निर्वाचन हुनेछ । सम्वन्धित शेयरधनिले अर्को शेयरधनिलाई मात्र प्रोक्सी (प्रतिनिधि पत्र ) दिन र मतदान गर्न पाउने छ ।

१३. मतदानको लागि प्रत्येक उम्मेदवारको नामको अलग अलग मतपेटिका हुनेछन् । मतदान गोप्य तरिकाले गर्ने व्यवस्था मिलाइने छ ।

१४. महिला संचालक पदमा उम्मेदवार बन्ने शेयरधनि १ जना मात्र भएमा निर्बिरोध हुनेछ भने १ भन्दा बढि उम्मेदवार महिला भएमा १ सिटका लागि महिला महिला बिच मात्र प्रतिस्पर्धा हुनेछ । महिला सिटमा उम्मेदवार बन्ने वा खुल्ला सिटमा बन्ने सम्बन्धित उम्मेदवार आफैले दरखास्तमा खुलाउनु पर्ने छ ।

१५. उम्मेदवारको दरखास्त साथ पेश गर्नु पर्ने कागजात, योग्यता अयोग्यता र अन्य बिषयका सम्बन्धमा कम्पनीको "संचालक निर्बाचन निर्देशिका २०८१" र प्रचलित कानून बमोजिम हुनेछ ।

१६. अन्य बिषयमा निर्वाचन अधिकृतले समय समयमा जारी गर्ने सूचनाहरु अध्ययन गरी सोही बमोजिम गर्नु गराउनु हुन समेत सूचित गरिन्छ ।

..................
बरिष्ठ अधिवक्ता लीलामणि पौडेल
निर्बाचन अधिकृत